# राजस्व न्यायाधिकरण काठमाडौ

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य जीवन कुमार घिमिरे**

**फैसला**

**सम्वत् ०७४ सालको मुद्दा नं. ०७४-RB -००७५**

**निर्णय नं. ११०**

**मुद्दाः-सुन चोरी पैठारी ।**

जिल्ला सर्लाही, औराही गा.वि.स., वडा नं. २ बस्ने राम किशोर राय यादवको छोरा अजय कुमार यादव.........................................................................................१ } पुनरावेदक

विरुद्ध

प्र.स.नि. सिकन्दर अन्सारी समेतको प्रतिवेदनले नेपाल सरकार...............................१ } प्रत्यर्थी

शुरु निर्णय गर्ने पदाधिकारीः –प्रमुख अनुसन्धान अधिकृत ज्ञानेन्द्रराज ढकाल।

शुरु निर्णय मितिः – २०७४/०५/२०

शुरु निर्णय गर्ने कार्यालयः- राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय,पथलैया बारा ।

नियम बमोजिम पेशी सूचिमा चढी पेश भएको राजस्व अनुसन्धान विभाग, राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया, बाराको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२ (१) बमोजिम दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. जिल्ला सर्लाही मलंगवा न.पा वडा नं. १० स्थित पूर्वमा लाल बाबु साहको घर पश्चिममा राजेन्द्र रायको घर उत्तरमा मोल्हीतर्फ जाने बाटो दक्षिण मल्लगवातर्फ आउने बाटो यति चार किल्ला भित्र मिति २०७३।३।४ गते अ. १८.०० बजेको समयमा प्रहरी गस्ती टोलीले भारत सोनवर्षा तर्फ गई रहेको BR30M4069 नं. को मो.सा. को

चेक जाँच गर्दा उक्त मो.सा. को डिक्कीमा लुकाई छिपाई राखेको अवस्थामा विस्कुट आकारको १२ थान सुन जम्मा तोला ९९९.८४० ग्राम सुन, मो.सा. र मो.सा. चालक जि.स. औरही २ बस्ने वर्ष २१ को अजय कुमार यादवबाट बरामद भएको मिति २०७३।३।४ को बरामदी मुचुल्का ।

२. जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटी गएको प्रहरी टोलीले सर्लाही मलंगवा नगरपालिका वडा नं. १० स्थित सडक खण्डमा चेकजाँच गर्दा जिल्ला सर्लाही औराही गा.वि.स. २ बस्ने वर्ष २१ को अजय कुमार यादवले चलाएको प्लेट नं. BR30M4069 को ग्लालेम्बर मोटरसाइकलको डिक्कीमा लुकाई छिपाई राखेको अवस्थामा प्रति पिस विस्कुट आकारको सुन १० तोलाको दरले ६ पिसको ६० तोला (६९९.८४० ग्राम) र प्रति पिस विस्कुट आकारको सुन ५० ग्रामको दरले ६ पिसको २५ तोला १२ आना (३०० ग्राम) गरी जम्मा १२ थानको ८५ तोला १२ आना (९९९.८४०) फेला पारी निज अजय कुमार यादवलाई पक्राउ गरी उक्त बरामद भएको सुन, मोटरसाइकल सहित चालक अजय कुमार यादवलाई दाखेला गरेको छ । आवश्यक कारवाही गरी पाउँ भन्ने जिल्ला प्रहरी कार्यालय सर्लाहीको च.नं. ७४७९ मिति २०७३।३।५ को पत्र ।

३. जिल्ला प्रहरी कार्यालय सर्लाहीको प्रहरी टोलीले मैले चलाई रहेको BR30M4069 को ग्लालेम्बर मोटरसाइकलको डिक्कीमा १२ टुक्रा (९९९.८४०) ग्राम सुन सहित म समेतलाई पक्राउ गरी यस कार्यालयमा बुझाएको ठिक साँचो हो, म भर्खरै एस.एल.सी. परिक्षामा उतिर्ण विद्यार्थी हुँ, अरु पेशा व्यवसाय केही छैन, मैले चलाइ ल्याएको BR30M4069 को ग्लालेम्बर मोटरसाइकलको डिक्कीबाट फेला परेको सुन मैले सर्लाहीको धनकौल भन्ने स्थानबाट रामप्रित यादवबाट बुझिलिएको हो, उक्त सुन मैले धनकौलबाट मलंगवातर्फ लैजादै थिए, उक्त सुन राजदेव यादवको हो भन्ने कुरा दिपेन्द्र यादवबाट थाहा पाएको हुँ, राजदेव यादवलाई देखे चिनेको छैन, दिपेन्द्र यादवले तिमीलाई सामान दिन्छु, त्यो सामान तिमीले मलंगवा लगेर मनन यादवलाई दिनु म पछि आउँदा तिमीलाई रु. ४०००।- दिन्छु भनेको हुँदा उनै दिपेन्द्र यादवको विश्वासमा परी रामप्रित यादवबाट उक्त सुन बुझिलिई मलंगवामा मनन यादवलाई दिन लैजादै गर्दा प्रहरीले पक्राउ गरेको हो, रामप्रित यादव, राजदेव यादव, दिपेन्द्र यादव र मनन यादवको स्पष्ट ठेगाना र मोबाइल नं. थाहा छैन, मान्छे देखे पनि चिन्दिन, मेरो साथबाट पक्राउ भएको उक्त सुनको खरीद विल विजक एवं महसूल तिरेको निस्सा प्रमाण केही छैन, पेश गर्न सक्दिन, पछि फेला परेको खण्डमा पेश गर्नेछु, प्रहरीले तयार पारेको खानतलासी तथा बरामदी मुचुल्कामा जे सुकै लेखेको भएता पनि मैले उक्त सुन मलंगवामा मनन यादवलाई नै दिन ल्याएको हो, भारतको सोनवर्षा लैजान लागेको

होइन, BR30M4069 को ग्लालेम्बर मोटरसाइकल मेरो विवाहमा ससुरालीबाट दाइजो स्वरुप प्राप्त भएको हुँदा उक्त मोटरसाइकल मेरो आफ्नै हो सो मोटरसाइकल मैले कहिले काही मात्र सर्लाहीसम्म ल्याउने गरेको थिए, अरु समय भारतमा नै राख्ने गरेको थिए ।

४. ९९९ ग्राम ८४० मिसिग्राम सुनका टुक्रासहित पक्राउ परेका अजय कुमार यादवले दिएको बयान र मिसिल संलग्न कागजातसमेतलाई विचार गर्दा उक्त सुन चोरी पैठारी गरेको होइन भन्ने आधार नदेखिएकोले सो सम्बन्धमा थप अनुसन्धान गरी पछि ठहरे बमोजिम हुने गरी हाललाई उक्त सुन र प्लेट नं. BR30M4069 उल्लेख भएको ग्लालेम्बर मोटरसाइकल कब्जामा लिई मिति २०७३।३।६ गतेको सुन चाँदी व्यवसायी संघबाट प्रकाशित सूचनामा उल्लिखित दररेट अनुसार प्रति दश ग्राम सुनको दररेट रु. ४८,६९५।- का दरले ९९९ ग्राम ८४० मिलिग्राम सुनको भन्सार ऐन, २०६४ को दफा ५७ (१) बमोजिम वीगो बमोजिमको जरिवाना वापतको रु. ४८६८७२१।- भारतीय नम्बर प्लेट BR30M4069 को ग्लालेम्बर मोटरसाइकलको विगो बमोजिम रु. ३०,०००।- र निजलाई हुने सक्ने ३ महिना कैदको लागि रु. ४,५००।- समेत जम्मा रु. ४९,०३,२२१।- अजय कुमार यादवसँग नगद धरौटी माग गर्ने गरी राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय, पथलैया, बाराबाट मिति २०७३।३।६ मा भएको आदेश ।

५. प्रहरीले तयार पारेको खानतलासी तथा बरामदी मुलुल्कामा जे सुकै लेखेको भए तापनि मैले उक्त सुन मलंगवामा मनन यादवलाई नै दिन ल्याएको हो भारतको सोनवर्षा लैजान लागेको होइन भनी बयान दिएको निजले बयानमा उल्लेख गरेका रामप्रित यादव, राजदेव यादव, दिपेन्द्र यादव र मनन यादवको ठेगाना, सम्पर्क नम्बर केही बताउन सक्दिन र उनीहरुलाई देखेमासमेत चिन्दिन भनेकोले निजले नाम लिएका उल्लिखित व्यक्तिहरु सुनको कसुरसँग सम्बन्धित छन भन्ने कुनै आधार नदेखिएको, निजले उक्त सुन राजदेव यादवको हो भने पनि निजको स्पष्ट ठेगाना खुलाउन नसकेको र सुन राजदेव यादवको हो भन्ने पुष्टि गर्ने कुनै कागजात प्रमाण पेश गर्न नसकेको, सुन निज अजय कुमार यादवकै साथबाट पक्राउ भएको र निजले उक्त सुनको खरिद विल विजक, प्रज्ञापनपत्र तथा महसुल तिरेको निस्सा प्रमाण पेश गर्न नसकेको एवं सुन साथ पक्राउ परेको भारतीय नम्बर प्लेट BR30M4069 मोटरसाइकलको भन्सार तिरेको कागजात समेत पेश गर्न नसकेकोले उक्त सुन र मोटरसाइकल भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम निज अजय कुमार यादवले नै चोरी पैठारी गरेको ठहर्छ । सो ठहरनाले उक्त सुन र मोटरसाइकल भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम जफत गरी सो को विगो बमोजिमको रु. ४८९८७२१।- निज अजय कुमार

यादवलाई जरिवाना गरी ३ महिना कैद गर्ने गरी राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय, पथलैया, बाराबाट मिति २०७३।३।२० मा भएको निर्णय ।

६. राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय, पथलैया, बाराले गराएको भनिएको बयान स्वस्थ तथा स्वतन्त्र अवस्थामा नभई दवावपूर्ण तवरले गराएको प्रष्ट छ । धनकौल बस्ने रामप्रित यादवलाई बुझेको खण्डमा कसको सुन कसरी ल्याएको हो भन्ने सबुद प्रमाण समेत पेश भई प्रष्ट हुने नै थियो र छ । एकातर्फ ठेगाना सहित बयानमा उल्लेख हुनु तथा अर्को तर्फ म चिन्दैन ठेगाना थाहा छैन भन्ने अन्योलात्मक बयानबाट मबाट ततिम्बा बयान गराई प्रष्ट पार्नु पार्नेमा पारिएको छैन । BR30M4069 को मोटर साइकल विवाहमा ससुरालीले दाइजो स्वरुप लिएको हो । दाइजोमा पाएको मोटरसाइकलले सर्लाहीमा र बढी भारतमा नै चलाउने र राख्ने गरिएको हो । बयानको सन्दर्भमा मसँग मोटरसाइकल वारेको कुनै प्रमाण नै नमागी माग्ने आदेश समेत नभई चोरी पैठारी गरेको ठहराई भएको निर्णय न्याय तथा कानूनको प्रतिकूल रहेको छ । चोरी पैठारी नै नगरेको अवस्थामा भन्सार ऐन, २०६४ को दफा ३८ को आरोपमा दफा ५७ अनुसार सुन तथा मोटरसाइकल जफत गरी चोरी पैठारी गरेको ठहराई जरिवाना र कैद गर्ने गरी भएको निर्णय सबुद प्रमाण, कानून, न्यायको विपरित भएकोले बदर गरी सफाई पाउँ भन्ने समेत व्यहोराको पुनरावेदकको मिति २०७३।५।१ को पुनरावेदन पत्र ।

७. यसमा बरामदी मुचुल्काको व्यहोराको सम्बन्धमा विवेचना नगरी भएको राजस्व अनुसन्धान, मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैयाको मिति २०७२/३/२० को निर्णयको सम्बन्धमा छलफलको लागि मुलुकी ऐन, अ.वं २०२ को प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई प्रस्तुत आदेशको प्रतिलिपी साथै राखी पेशीको सूचना दिई, नियमानुसार गरी पेश गर्नु भनी यस न्यायाधिकरणबाट मिति २०७३।९।११।२ मा भएको आदेश ।

८. बारदातको एकिनन समेतका सम्बन्धमा बुझ्नु पर्ने प्रमाण नबुझी फैसला गरेको समेतका आधारमा शुरु राजस्व अनुसन्धान, मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया (बारा)को मिति २०७३।३।२० को फैसला मिलेको नदेखिंदा बदर गरी दिएको छ । अब जे जो बुझ्नु पर्छ, बुझी प्रस्तुत फैसला सहितको शुरु मिसिल प्राप्त मितिले बढीमा ६ महिना भित्र पुनः फैसला गर्नु भनी तारेखमा रहेका पक्षलाई शुरु कार्यालयमा हाजिर हुन जान तारेख तोकी प्रस्तुत फैसलाको प्रतिलिपी सहित प्राप्त शुरु मिसिल शुरु कार्यालय राजस्व अनुसन्धान, मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया, बारामा पठाइ दिने समेत ठहर्छ भन्ने यस न्यायाधिकरणको मिति २०७३/११/०२ को फैसला ।

९. भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम निज अजय कुमार यादवले नै चोरी पैठारी गरेको ठहर्छ। सो ठहर्नाले उक्त सुन भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम जफत गरी सोही दफा बमोजिम उक्त सुनको विगो बमोजिम रु. ४८,९८,७२१।- निज अजय कुमार यादवलाई जरिवाना गरी २ महिना १० दिन कैद गर्ने । उक्त सुन ९९९.८४० ग्राम सुन ओसार पसार कार्यमा प्रयोग भएको BR30M4069 नम्बरको मोटर साइकलका सम्बन्धमा भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम निज अजय कुमार यादवले नै चोरी पैठारी गरेको ठहर्छ । सो ठहर्नाले उक्त सुन भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम जफत गरी सोही दफा बमोजिम उक्त मोटरसाइकलको विगो बमोजिम रु.३०,०००।- निज अजय कुमार यादवलाई जरिवाना गर्नु । निज अजयकुमार यादवको बयान पोलमा परेका दिपेन्द्र यादव, राजदेव यादव, रामप्रित यादव र मनन यादवको हकमा मुल्तवी राख्ने भन्ने समेत व्यहोराको राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय, पथलैया, बाराबाट भएको मिति २०७४/०५/२० गतेको निर्णय ।

१०. यर्थात के हो भने प्रस्तुत मुद्दामा मैले सर्लाहीको धनकौल भन्ने स्थानबाट रामपृत यादव भन्ने व्यक्तिबाट सुन बुझी सुन व्यापारी मंलगवा बस्ने मनन यादवलाई दिनको लागि गएको थिए । उक्त सुन राजदेव यादकको हो भन्ने कुरा दिपेन्द्र यादवले मलाई भनेको र मसँग निज राजदेव यादवले उक्त सुन खरिद गरी मनन यादवलाई दिनको लागि रामपृत यादव मार्फत पाई जादै गर्दा प्रहरीहरुले सबै सवारी साधनलाई चेक जाच गर्दै गरेको अवस्थामा सुन र सुनका साथ रहेको प्रज्ञापनपत्र र सुन बिक्रिनामाको कागजको प्रतिलिपि समेत वरामद भएकोमा सो कागजातहरु च्याती जलाई दिएको र मलाई पक्राउ गरी कोही कसैसँग भेटन दिएको छैन । मेरो वयानमा राजदेव यादव, मनन यादव, रामपृत यादव र दिपेन्द्र यादवको नाम ठेगाना खुलाउन खोजेकोमा प्रमुख अनुसन्धान अधिकृत र प्रहरी कर्मचारीहरुले प्रज्ञापनपत्र बमोजिम हक दावी गर्न मानिस आउन सक्ने हुँदा सूचना गरिएन । यस न्यायाधिकरणबाट भएको पूर्वको फैसला बमोजिम उनीहरुको ठेगाना खुलाउन लगाएपनि झिकाउदै नझिकाई, बुझ्दै नबुझी उक्त सुनको कागजात मलाई पेश गर्ने मौका समेत नदिई मलाई कैद र जरिवाना गर्ने गरेको निर्णय त्रुटिपूर्ण गैरकानूनी रहेकोले बदर भागी छ । अतः उक्त फैसला निर्णण बदर उल्टी गरी सफाई दिलाई पाउन तथा भन्सार महसुल तिरी नेपाल पैठारी भई आएको उक्त सुन तथा कानून बमोजिम आवतजावत गर्न छुट पाएको मोटरसाइकल समेत फिर्ता उपलब्ध गराई न्याय पाउँ भन्ने समेत व्यहोराको मिति २०७४/०७/१२ को पुनरावेदनपत्र ।

११. यसमा मुलुकी ऐन, अ.वं २०२ बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भनी यस न्यायाधिकरणबाट मिति २०७५।२।१० मा भएको आदेश ।

१२. पुनरावेदक प्रतिवादीबाट रामप्रित पासवान, राजदेव यादव, मनन यादव र दिपेन्द्र यादवको नाम थर वतन प्रष्ट रुपमा खुलाउन लगाई वतन प्रष्ट खुल्न आएका व्यक्तिहरुलाई निज पुनरावेदक मार्फत तारेख तोकी उपस्थित गर्न लगाई राजस्व न्यायाधिकर ऐन, २०३१ को दफा ६ को उपदफा (२) को खण्ड (ङ) बमोजिम बकपत्र गर्नका लागि विशेष सरकारी वकील कार्यालय,काठमाण्डौमा सूचना समेत दिई इजलास समक्ष पेश गर्नु भन्ने समेत व्यहोराको यस न्यायाधिकरणको मिति २०७५/०९/०३ को आदेश ।

१३. प्रतिवादीलाई दिपेन्द्र यादव, रामप्रित यादव र राजदेव यादवलाई बकपत्र गर्न उपस्थित गराउन मिति २०७५/१०/१५को तारेख तोकिएकोमा निजले उक्त तारेख गुजारी थाम्ने थमाउने म्याद समेत व्यतित भएको देखिन्छ ।

## ठहर खण्ड

१४. नियमबमोजिम पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक/प्रतिवादीले यस न्यायाधिकरणबाट तोकीएको तारिख गुजारी बसेको तथा प्रस्तुत पुनरावेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो । प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अञ्चन भट्टराईले पुनरावेदकलाई कसूरदार ठहर गरेको शुरु कार्यालयको फैसला मिलेकै छ । उक्त फैसला सदर कायम रहनुपर्छ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो ।

१५. उपरोक्त बमोजिम विद्वान कानून व्यवसायीको बहस जिकिर सुनी मिसिल प्रमाण अध्ययन गरी हेर्दा यसमा शुरु राजस्व अनुसन्धान विभाग, राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया, बाराको मिति २०७४/०५/२० को फैसला मिलेको छ छैन ? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१६. मिति २०७३।३।४ गते अ. १८.०० बजेको समयमा प्रहरी गस्ती टोलीले भारत सोनवर्षा तर्फ गई रहेको BR30M4069 नं. को मो.सा.को चेक जाँच गर्दा उक्त मो.सा.को डिक्कीमा लुकाई छिपाई राखेको अवस्थामा विस्कुट आकारको १२ थान सुन जम्मा तौल ९९९.८४० ग्राम सुन, मो.सा. र मो.सा. चालक जि.स., औरही -२ बस्ने वर्ष २१ को अजय कुमार यादवबाट बरामद भएको मिति २०७३।३।४ को बरामदी

मुचुल्का र वरामदी सुन, मोटरसाइकल र मानिसलाई आवश्यक कारवाहीको लागि दाखिल गरेका छौ भन्ने समेत व्यहोराको प्र.स.नि. सिकन्दर अंसारी समेतको प्रतिवेदनबाट उठान भएको प्रस्तुत मुद्दामा जिल्ला प्रहरी कार्यालय सर्लाहीको प्रहरी टोलीले मैले चलाई रहेको BR30M4069 को ग्लालेम्बर मोटरसाइकलको डिक्कीमा १२ टुक्रा (९९९.८४०) ग्राम सुन सहित म समेतलाई पक्राउ गरी यस कार्यालयमा बुझाएको ठिक साँचो हो, मोटरसाइकलको डिक्कीबाट फेला परेको सुन मैले सर्लाहीको धनकौल भन्ने स्थानबाट रामप्रित यादवबाट बुझिलिएको हो, उक्त सुन मैले धनकौलबाट मलंगवा तर्फ लैजादै थिए, उक्त सुन राजदेव यादवको हो भन्ने कुरा दिपेन्द्र यादवबाट थाहा पाएको हुँ, राजदेव यादवलाई देखे चिनेको छैन, दिपेन्द्र यादवले तिमीलाई सामान दिन्छु, त्यो सामान तिमीले मलंगवा लगेर मनन यादवलाई दिनु म पछि आउँदा तिमीलाई रु. ४०००।- दिन्छु भनेको हुँदा उनै दिपेन्द्र यादवको विश्वासमा परी रामप्रित यादवबाट उक्त सुन बुझिलिई मलंगवामा मनन यादवलाई दिन लैजादै गर्दा प्रहरीले पक्राउ गरेको हो भनी मौकामा वयान गरेको देखिन्छ ।

१७. सुन निज अजय कुमार यादवकै साथबाट पक्राउ भएको र निजले उक्त सुनको खरिद विल विजक, प्रज्ञापनपत्र तथा महसुल तिरेको निस्सा प्रमाण पेश गर्न नसकेको एवं सुन साथ पक्राउ परेको भारतीय नम्बर प्लेट BR30M4069 मोटरसाइकलको भन्सार तिरेको कागजात समेत पेश गर्न नसकेकोले उक्त सुन र मोटरसाइकल भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम निज अजय कुमार यादवले नै चोरी पैठारी गरेको ठहर्छ । सो ठहर्नाले उक्त सुन र मोटरसाइकल भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम जफत गरी सो को विगो बमोजिमको रु. ४८,९८,७२१।- निज अजय कुमार यादवलाई जरिवाना गरी ३ महिना कैद गर्ने गरी राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय, पथलैया, बाराबाट मिति २०७३/०३/३० मा निर्णय भएको पाइन्छ । उक्त निर्णयमा चित्त नबुझाई यी पुनरावेदकले यस न्यायाधिकरण समक्ष पुनरावेदन गरेकोमा यस न्यायाधिकरणबाट मिति २०७३/११/०२ बारदातको एकिनन समेतका सम्बन्धमा बुझ्नु पर्ने प्रमाण नबुझी फैसला गरेको समेतका आधारमा शुरु राजस्व अनुसन्धान, मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया(बारा)को मिति २०७३।३।२० को फैसला मिलेको नदेखिंदा बदर गरी दिएको छ । अब जे जो बुझ्नु पर्छ, बुझी प्रस्तुत फैसला सहितको शुरु मिसिल प्राप्त मितिले बढीमा ६ महिना भित्र पुनः फैसला गर्नु भनी तारेखमा रहेका पक्षलाई शुरु कार्यालयमा हाजिर हुन जान तारेख तोकी प्रस्तुत फैसलाको प्रतिलिपी सहित प्राप्त शुरु मिसिल शुरु कार्यालय राजस्व अनुसन्धान, मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया, बारामा पठाइ दिने समेत ठहर्छ भनी फैसला भएको पाइन्छ ।

१८. तत्पश्चात राजस्व अनुसन्धान, मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया, बाराबाट पुनः मिति २०७४/०५/२० मा प्रतिवेदकहरु प्र.स.नी. सिकन्दर अन्सारी, प्र.ना.नी. देव बहादुर खत्री, वरामदी मुचुल्का समेतका प्र.ह. बासुदेव राय यादव समेतलाई बुझी वरामदी सुन तथा मोटरसाइकल जफत गरी यी पुनरावेदकलाई कसूरदार ठहर गरी विगो बमोजिम जरिवाना र कैद सजाय गर्ने गरी भएको निर्णय उपर यी पुनरावेदकले चित्त नबुझाइ यस न्यायाधिकरणमा पुनरावेदन गरेको अवस्था छ ।

१९. अव उपरोक्त बमोजिम तथ्य भएको प्रस्तुत मुद्दामा निर्णयको रोहमा विचार गर्दा यी प्रतिवादी सवार भई भारत तर्फ जादै गर्दाको अवस्थामा निज सवार मोटरसाइकलको डिक्कीबाट वरामदी मुचुल्कामा उल्लिखित सुन वरामद भएकोमा विवाद छैन । पुनरावेदकले आफूसँग सुनको खरिदको विल विजक एवं निस्सा प्रमाण केही छैन भनी मौकामा वयान गर्दा उल्लेख गरिदिएका छन् । शुरु कार्यालयमा प्रतिवेदक एवं वरामदी मुचुल्कामा उल्लिखित मानिसहरु सिकन्दर अन्सारी, देव बहादुर खत्री एवं बासुदेव राय यादवले मिति २०७३/०३/०४ मा उक्त विवादित सुन यी पुनरावेदकसँग वरामद गरिएको हो भनी किटानी साथ गरी दिएको बकपत्र समेतका आधारमा यी पुनरावेदक निर्दोष रहेछन भनी मान्न मिलेन ।

२०. यद्यपी यी पुनरावेदकले मैले सर्लाहीको धनकौल भन्ने स्थानबाट रामपृत यादव भन्ने व्यक्तिबाट सुन बुझी सुन व्यापारी मंलगवा बस्ने मनन यादवलाई दिनको लागि गएको थिए । उक्त सुन राजदेव यादवको हो भन्ने कुरा दिपेन्द्र यादवले मलाई भनेको र मसँग निज राजदेव यादवले उक्त सुन खरिद गरी मनन यादवलाई दिनको लागि रामपृत यादव मार्फत पाई जादै गर्दा प्रहरीहरुले मलाई पक्राउ गरेको हो । उक्त सुन आफ्नो होइन भन्ने जिकिर लिएता पनि निज व्यक्तिहरु समेतलाई बुझ्न शुरु कार्यालयले जारी गरेको म्यादमा निजहरु हाजिर हुन नआएका र पुनरावेदनपत्रमा बुझि पाउँ भनी जिकिर लिएको सन्दर्भमा उक्त रामप्रित यादव, राजदेव यादव, मनन यादव र दिपेन्द्र यादवलाई उपस्थित गराउन यस न्यायाधिकरणबाट भएको आदेशानुसार निजहरुलाई उपस्थित गराउन यी पुनरावेदकलाई तारेख तोकिएको पुनरावेदकले तोकिएकोमा तारिख गुजारी बसेको अवस्था देखिन्छ। यसरी प्रमाण ऐन, २०३१ बमोजिम वरामद सुन आफ्नो होइन भनी लिएको जिकिर पुष्टी गर्ने भार यी पुनरावेदकमा रहनेमा उक्त विषय यी पुनरावेदकले सुनका मालिक भनिएका मानिस उपस्थित गराई पुष्टी गर्न नसकेको अवस्थामा उक्त वरामदी सुन यी पुनरावेदकको होईन भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

२१. तसर्थ, माथि विवेचित आधार एवं कारण समेतबाट राजश्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया, बाराको मिति २०७४/०५/२० को फैसला मिलेकै देखिँदा

सदर हुने ठहर्छ ।पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।अरु तपसील बमोजिम गर्नू ।

**<u>तपसील</u>**

प्रस्तुत फैसलाको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाण्डौलाई दिनु...१

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु ..........................................................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु ..........................................................३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा म सहमत छु।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः</u>-
टिपोट गर्नेः—श्री रबि न्यौपाने (शाखा अधिकृत)

इति सम्वत् २०७६ साल बैशाख महिना ३ गते रोज ३ शुभम् ..................